औरही गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, देउरी परवाहा, धनुषा

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२।०८।२३ गते

वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, उपलब्धिमुलक तथा मर्यादित बनाउने उदेश्यले सूचना तथा परामर्श, सिप तालिम, न्यायमा पहुँच, वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श लगायत सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि निम्नानुसारको जनशक्ति करार सेवामा लिन आवश्यक भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निबेदन दिनुहुन अनुरोध छ। म्याद भित्र आबेदन प्राप्त नभएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन।

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ) | १ जना (महिलालाई बिशेष ग्राहयता दिईने छ) | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/ नर्सिंग/ मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/ स्वास्थ्य शिक्षा बिषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ।<br>• कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email, Internet आदि भएको) नेपाली भाषामा प्रतिबेदन तयार गर्न सकने।<br>**सामी कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**<br>कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उतिर्ण गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्त गरि सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको। |
| २ | रिटर्नी स्वमसेवक (वैदेशिक रोजगारीबाट स्वदेश फर्की आएका) | २ जना | • न्युनतम कक्षा ८ उतिर्ण गरी वैदेशिक रोजगारी (खाडीमुलुक वा मलेसिया) मा गई कम्तिमा १ बर्ष काम गएको अनुभव भएको।<br>• सुरक्षित वैदेशिक रोजगारिको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइने छ। |

**कार्य अबधि :** २०८३ असार मसान्त सम्म। तर आवश्यकता र कार्य सम्पादनको आधारमा नविकरण गर्न सकने छ।

**परिक्षा दस्तुर :** मनोसामाजिक परामर्शकर्ताको लागि रु ७०० र रिटर्नी स्वमसेवकको लागि रु ५००(आवेदन दस्तुर औरही गाउँपालिकाको खातामा जम्मा गर्नुपर्ने हुन्छ।)

लक्ष्मीसनराईज बैंक, देउरी परवाहा,औरही गाउँपालिका

आन्तरिक राजश्व खाता(ग.१-१)

खातानं. : ०८००५०२७४५७०३०१४

**उमेरको हद :** १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

१८ बर्ष पुरा गरेको वा सो भन्दा माथिको उमेर भएको(रिटर्नी स्वमसेवक हकमा)।

**छनौटको किसिम:** लिखत (वस्तुगत प्रशन) र अन्तवार्ता।

**तलव तथा अन्य सुविधा:** स्थानीय तहमा सुरक्षित आप्रवासन कार्यक्रम संचालन वित्तीय मार्गदर्शन, २०८२ अनुसार हुनेछ।

**आवश्यक कागजातहरु:**

**मनोसामाजिक परमर्श्कर्ता पदका लागि :**

निबेदन पत्र, दरखास्त फारम, राजश्व रसिद, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio-data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा स्पष्ट पद सहित निवेदन यस गाउँपालिकामा पेश गर्नु पर्नेछ।

**रिटर्नी स्वमसेवकको हकमा:**

यस स्थानीय तहको हुनुपर्ने, स्पष्ट पद सहित निवेदन पत्र, दरखास्त फारम, राजश्व रसिद, राहदानीको प्रतिलिपि (वैदेशिक रोजगामा जाँदा इमिग्रेशनले राहदानी मा लगाएको प्रस्थान (Departure) र आगमन (Arrival) को छाप लागेको पेजको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio-data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा स्पष्ट पद सहित निवेदन यस गाउँपालिकामा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया :** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित र अन्तर्रवार्ता प्रक्रियामा समावेश गरिने छ।

**दरखास्त दिने अन्तिम मिति :** २०८२/०९/०८ गतेका दिन कार्यालय समय भित्र बुझाउनुपर्नेछ।

**दरखास्त बुझाउने कार्यालय :** औरही गाउँपालिका,देउरी परवाहा,धनुषा।

**पदपूर्ति समिति**

**औरही गाउँपालिका,देउरी परवाहा**